## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष मनोनयनको लागि सिफारिस समितिको बैठक तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन, २०४५ को दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.२ बमोजिम रिक्त रहेको उपाध्यक्ष मनोनयनको लागि नेपाल सरकारसमक्ष योग्य तथा सक्षम व्यक्तिको सिफारिस गर्ने व्यवस्था गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उद्धेश्य बमोजिमको कार्य सम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद नियमावली, २०५१ को नियम ३क. को उपनियम (१) बमोजिमको समितिले ऐ को उपनियम (४) बमोजिम यो कार्यविधि बनाई लागू गरेकोछ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष मनोनयनको लागि गठित समितिको बैठक तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि समितिले निर्णय गरी स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्षको लागि दरखास्त पेश गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन, २०४५ सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष मनोनयनको लागि सिफारिससम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ।

(ङ) "दरखास्त" भन्नाले नियमावलीको नियम ३ख. को उपनियम (१) बमोजिम योग्यता पुगेको व्यक्तिबाट पेश हुन आएको दरखास्त पर्छ।

(च) "नियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद नियमावली, २०५१ सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले नियमावलीको नियम ३क. को उपनियम (१) बमोजिम उपाध्यक्ष मनोनयन गर्नका लागि नाम सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ।

### परिच्छेद-२
### बैठक तथा निर्णय सम्बन्धी व्यवस्था

३. समितिको बैठकः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

अध्यक्षको अनुमतिले समितिको बैठकको जानकारी सचिवालयले सबै सदस्यलाई दिनु पर्नेछ।

४. बैठकको सञ्चालनः (१) समितिको बैठकको सञ्चालन अध्यक्षले गर्नेछ।

(२) समितिको बैठकमा सबै सदस्यले पालो पालो बोल्नु पर्नेछ।

(३) समितिको बैठकमा अध्यक्ष र कम्तिमा एक जना सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

५. बैठकको निर्णय : (१) समितिको बैठकको निर्णय अध्यक्ष तथा सदस्यको सर्वसम्मतिले गर्नु पर्नेछ।

(२) समितिको बैठकमा अध्यक्ष र प्रत्येक सदस्यको मताधिकार बराबर हुनेछ।

(३) समितिका अध्यक्ष तथा सदस्यले उम्मेदवारको मूल्याङ्कन गर्दा स्वतन्त्र रुपमा गर्नेछन्।

(४) समितिको बैठकमा निर्णय हुनु पर्ने विषयमा सर्वसम्मत हुन नसकेमा बहुमत सदस्यको निर्णय मान्य हुनेछ।

(५) समितिको निर्णयको प्रमाणित समितिको अध्यक्षबाट हुनेछ।

## परिच्छेद-३

## योग्यता तथा सूचनासम्बन्धी व्यवस्था

६. आवश्यक न्यूनतम योग्यताः (१) ऐनको दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.२ बमोजिमको उपाध्यक्षमा मनोनयन हुन नियमावलीको नियम ३ख. को उपनियम (१) बमोजिम देहायको योग्यता पूरा भएको हुनु पर्नेछः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरेको,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य गरेको,

(ग) चालीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको।

(२) उपदफा (१) का योग्यताका अतिरिक्त परिषदको उपाध्यक्ष मनोनयनका लागि सिफारिससम्बन्धी अन्य आधार देहाय बमोजिम हुनेछन्,-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका क्षेत्रमा विद्यावारिधिको उपाधि हासिल गरेको,

(ख) सरकारी क्षेत्र, विश्वविद्यालय, परिषद वा सार्वजनिक क्षेत्र, प्रतिष्ठान वा अन्य कुनै क्षेत्रमा यस कार्यविधिमा निर्धारण भए बमोजिमको व्यवस्थापकीय पदको जिम्मेवारीमा रहेको,

(ग) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको,

(घ) परिषदसँग कुनै स्वार्थ नबाझिएको,

(ङ) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको।

७. अयोग्यताः (१) नियमावलीको नियम ३ख. को उपनियम (२) बमोजिम परिषदबाट सम्बन्धन प्राप्त संस्थाको सञ्चालक पदमा कार्यरत व्यक्ति परिषदको उपाध्यक्षमा मनोनयन हुन अयोग्य हुनेछ।

(२) उपदफा (१) मा व्यवस्था बाहेक देहाय बमोजिमको व्यक्ति परिषदको उपाध्यक्ष हुन अयोग्य हुनेछः

(क) गैह्र नेपाली नागरिक,

(ख) चालिस वर्ष उमेर पूरा नभएको र साठी वर्ष उमेर नाघेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषि ठहर भएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको,

(ङ) प्रचलित कानून बमोजिम स्थापित निकायले कालो सूचीमा राखेको भए त्यस्तो सूचि कायम रहेको अवधिसम्म,

(च) बौद्धिक चोरी वा औद्योगिक ठगि वा यस्तै किसिमका सार्वजनिक जीवनसँग सम्बन्धित विषयमा कसूरदार ठहर भएको,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

(छ) तत्काल कुनै राजनीतिक दलको सदस्य रहेको।

८. <u>सूचना प्रकाशन गर्ने</u>: (१) परिषदको उपाध्यक्ष पदमा मनोनयनको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट, परिषद्को वेवसाइटमा दश दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र इच्छुक व्यक्तिले दरखास्त पेश गर्न सक्नेछन् र म्यादभित्र पेश हुन आएका दरखास्तको मात्र मूल्याङ्कन गरिनेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त विद्युतीय माध्यमबाट समेत पेश गर्ने गरी व्यवस्था गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको दरखास्त पेश गर्ने अवधिभित्र पाँच जनाको दरखास्त पेश हुन नआएमा समितिले तीन दिनको अवधि दिई दरखास्त पेश गर्ने समयावधि थप गर्न सक्नेछ।

९. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात</u>: (१) परिषदको उपाध्यक्ष पदको लागि यस कार्यविधिको दफा ६ को उपदफा (१) बमोजिम न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) स्नातकोत्तर तह र सोभन्दा माथिल्लो तहको शैक्षिक उपाधि भए सो उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य गरेको अनुभवको प्रमाणित कागजात,

(२) उपदफा (१) बमोजिमका कागजातका अतिरिक्त उम्मेदवारले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका क्षेत्रमा विद्यावारिधिको उपाधि हासिल गरेको भए सोको कागजात,

(ख) कुनै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रको उच्च शैक्षिक संस्था वा उद्योग वा व्यावसायिक क्षेत्रमा व्यवस्थापकीय पदको जिम्मेवारीमा रहेको भए सोको कागजात,

(ग) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको स्वघोषणा,

(घ) परिषदसँग कुनै स्वार्थ नबाझिएको र विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको व्यहोरा खुलेको स्वघोषणा,

(ङ) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको स्वघोषणा,

(च) अनुभवसम्बन्धी अन्य कुनै विषय भए सोसम्बन्धी कागजात,

(छ) परिषदलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका क्षेत्रमा उत्कृष्ट संस्था बनाउन तथा नेपालको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको भूमिका र यसको आगामी रणनीतिसम्बन्धी कार्ययोजना सहितको पाँच हजार शब्दसम्मको सोचपत्र,

(ज) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठिमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुत गरेको अनुभव भए सोको प्रति र विवरण,

(झ) कुनै सरकारी वा सार्वजनिक निकायमा नियुक्त वा मनोनित भई कार्यरत भएको व्यक्तिले दरखास्त पेश गर्नु अघि आफू कार्यरत निकायको विभागीय स्वीकृति पत्र,

(ञ) विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षताको प्रमाणपत्र,

(ट) जन्ममिति स्पष्ट रुपमा खुलेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रति।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको सोचपत्र अंग्रेजीमा भए Times Roman 12 Font Size र नेपालीमा भए प्रिति वा युनिकोडमा १४ वा १२ फ्रन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले विदेशी विश्वविद्यालयबाट कुनै शैक्षिक उपाधि प्राप्त गरेको भए त्यस्तो उपाधिको समकक्षता पेश गर्नु पर्नेछ।

१०. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने:</u> (१) दरखास्तका लागि यस कार्यविधिको दफा ६ र ९ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता र अनुभव पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

## परिच्छेद-४

## छनोट विधि,चरण तथा सिफारिससम्बन्धी व्यवस्था

११. **छनोट विधि:**(१) समितिले उम्मेदवारबाट पेश हुन आएका योग्यता, अनुभव, अनुसन्धानमूलक लेख रचना, गोष्ठि तथा कार्यशालामा प्रस्तुत अनुसन्धानमूलक लेख, कार्ययोजना सहितको सोचपत्रको विज्ञबाट मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको आधारमा परिषद्को उपाध्यक्ष छनोट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छनोट गर्दा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) शैक्षिक योग्यता,

(ख) प्राविधिक शिक्षा र व्यावसायिक तालीमका क्षेत्रको अनुभव,

(ग) सरकारी निकाय वा परिषद वा मान्यता प्राप्त विश्वविद्यालय वा प्रतिष्ठान वा औद्योगिक क्षेत्रमा व्यवस्थापकीय जिम्मेवारीको पदको अनुभव,

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका क्षेत्रसँग सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रकाशित जर्नलमा लेख रचना वा अनुसन्धानात्मक लेख प्रकाशन गरेको भए सोको वेबसाइट लिङ्क,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठिमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका क्षेत्रमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुतीकरणको विवरण,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को विज्ञबाट मूल्याङ्कन,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरणको मूल्याङ्कन,

(ज) अन्तर्वार्ता।

**<u>स्पष्टिकरण:</u>** यस दफाको उपदफा (२) को खण्ड (ग) बमोजिम "व्यावस्थापकीय पदको अनुभव" भन्नाले सरकारी निकायको हकमा सरहसचिव वा सो सरह र सोभन्दा माथिको पद, विश्वविद्यालयको हकमा सहप्राध्यापक वा सो सरह र सोभन्दा माथिको पद, परिषदको हकमा उपाध्यक्ष वा सदस्य सचिव वा निर्देशकको पद, सार्वजनिक निकायको हकमा तह ११ वा सो सरह र सो भन्दा माथिको पद र कुनै प्रतिष्ठान वा औद्योगिक क्षेत्रमा भए प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी प्रमुख वा सञ्चालक समितिको अध्यक्ष वा सदस्यको पदमा हासिल गरेको अनुभवलाई सम्झनु पर्छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

(४) कार्ययोजना सहितको सोचपत्रको मूल्याङ्कन गर्नु अघि यसलाई कोडिङ तथा डिकोडिङ गरी समितिका सदस्यबाट वा दफा १४ बमोजिम कुनै एक वा एकभन्दा बढी विज्ञबाट परीक्षण गर्न सकिने छ। त्यसरी गरिने परीक्षणको अङ्क अनुसूची-२ का आधारमा हुनेछ।

(५) कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणको मूल्याङ्कन र अन्तर्वार्ता प्रत्येक उम्मेदवारको सँगसँगै गर्न सकिनेछ।

१२. <u>छनोटको चरण</u>: (१) छनोटको पहिलो चरणमा दफा ११ को उपदफा (२) को खण्ड (क), (ख),( ग), (घ), (ङ) र (च) बमोजिम कायम हुन आएको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको संक्षिप्तसूची (Short list) प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संक्षिप्तसूची (Short list) को नाम प्रकाशन गर्दा दरखास्त पेश गर्ने आवेदकको संख्या पन्ध्र जनाभन्दा बढी भएको अवस्थामा दफा ११ को उपदफा (२) को खण्ड (क), (ख),( ग), (घ), (ङ) र (च) बमोजिम कायम हुन आएको उच्चतम अङ्क प्राप्त गर्ने पन्ध्र जना उम्मेदवारलाई संक्षिप्तसूची (Short list) मा राखिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्ष पदको लागि दरखास्त स्वीकृत उम्मेदवार संख्या पन्ध्र वा सोभन्दा कम हुन आएमा संक्षिप्तसूची प्रकाशन नगरी यस कार्यविधि बमोजिम सबै उम्मेबारलाई उपाध्यक्षको पदमा छनोट प्रक्रियाका सबै चरणमा सहभागी गराउनु पर्नेछ।

(४) यस कार्यविधि बमोजिम उपाध्यक्ष पदमा दरखास्त दिनेको संक्षिप्तसूची प्रकाशन गर्नु पर्ने भएमा त्यस्तो संक्षिप्तसूचीको संख्या कायम गर्नेक्रममा कायम हुने संख्यामा बराबर अङ्क प्राप्त गर्ने थप उम्मेदवार संख्या भएको अवस्थामा त्यस्तो बराबर अङ्क प्राप्त गर्नेको संक्षिप्तसूचीमा नाम प्रकाशन गर्न बाधा पर्ने छैन।

(५) उपदफा (२) बमोजिम संक्षिप्तसूची (Short list) मा छनोट भएका आवेदकहरुलाई तीन दिनको समय दिई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरण गर्न मन्त्रालयको वबसाईटमार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(६) उपदफा (५) बमोजिमका उम्मेदवारले पेश गरेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरणको मूल्याङ्कन गरिनेछ।

१३.<u>प्रस्तुतीकरण तथा अन्तर्वार्ता</u>: (१) दफा ९ को उपदफा (१) बमोजिम संक्षिप्तसूची (Short list) कायम गर्नु परेमा त्यस्तो संक्षिप्तसूचीमा रहेका उम्मेदवारलाई र नरहेमा दरखास्त स्वीकृत भएका सबै उम्मेदवारलाई समितिबाट छुट्टा छुट्टै रुपमा निश्चित समय दिई मन्त्रालयको वेबसाईटमार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ११ को खण्ड (छ) र (ज) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ। सोचपत्रको प्रस्तुतीकरण र अन्तर्वार्ताको अङ्क छुट्टाछुट्टै कायम गर्नु पर्नेछ।

(२) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित प्रत्येक पदमा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा चालीस प्रतिशतभन्दा कम अंक प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ।

(३) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी उपाध्यक्ष पदको उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क कायम हुनेछ।

(४) उपाध्यक्ष पदको लागि कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणको मूल्याङ्कनसम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा र अन्तवार्तासम्बन्धी फाराम तथा अन्य ढाँचा समितिबाट निर्धारण भए बमोजिम हुनेछ।

**उपसमिति गठन तथा विज्ञको सेवा लिन सक्ने:** (१) समितिले उपाध्यक्ष पदको उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि तीन जनासम्म विज्ञ रहेको उपसमिति गठन गर्न वा यससम्बन्धी कार्यका लागि कुनै विज्ञलाई आमन्त्रण गरी सेवा लिन सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई दफा ११ को उपदफा (२) को खण्ड (ग),(घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कुनै मूल्याङ्कनको लागि कार्य जिम्मेवारी दिन वा सहयोग लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञको रुपमा आमन्त्रण हुने व्यक्ति नेपाल सरकारको विशिष्ठ श्रेणी वा विश्वविद्यालयको प्राध्यापक पद वा पदाधिकारीको पदको अनुभव हासिल गरेको र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव हासिल गरेको व्यक्तिमध्येबाट छनोट गर्नु पर्नेछ।

(४) समितिले आफ्नो कार्य सम्पादनका लागि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ।

१५.**मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने:** (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार वा स्वार्थ बाझिएको कुनै व्यक्तिले उपाध्यक्ष पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो व्यक्ति यस कार्यविधि बमोजिम मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा सो सम्बन्धमा समितिको हकमा मन्त्रालयबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा सिफारिस समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१६.**नाम सिफारिस:** (१) समितिले प्रतिवेदनसहित परिषद्को उपाध्यक्ष पदमा मनोनयनको लागि उम्मेदवारको नाम मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम उपाध्यक्षको पदमा मनोनयनको लागि नाम सिफारिस गर्दा उम्मेदवार भएकाहरुमध्येबाट प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम नेपाली वर्णमालाको वर्णानुक्रम अनुसार सिफारिस गर्नेछ।

## परिच्छेद-५
## विविध

१७.**सूचना प्रविधिको प्रयोग गर्न सकिने:** समितिले उपाध्यक्ष छनोटसम्बन्धी काममा आवश्यकता अनुसार सूचना प्रविधिको माध्यमबाट कार्य गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधिबमोजिम भए गरिएको मानिनेछ।

१८.**कार्यतालिका बनाउन सक्ने:** समितिले दरखास्त आह्वान, दरखास्त पेश तथा सोको प्रस्तुतिकरण र मूल्याङ्कन सम्बन्धी कार्य सम्पादनका लागि आवश्यक कार्य तालिका बनाउन सक्ने छ।

१९.**खर्चसम्बन्धी व्यवस्था:** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च परिषदबाट प्रचलित कानून बमोजिम भुक्तानी हुनेछ।

२०.**कागजपत्रको संरक्षण:** समितिबाट उपाध्यक्ष पदको सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

२१. **सचिवालय** समितिको सचिवालय मन्त्रालयको प्रशासन महाशाखामा रहनेछ।

२२. **बाधा अडकाउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

दरखास्तको ढाँचा

श्री अध्यक्षज्यू,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष मनोनयन सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन, २०४५ को दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.२ तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद नियमावली, २०५१ नियम ३क. को उपनियम (२) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा रिक्त उपाध्यक्ष पदमा मनोनयनका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। म हाल कुनै राजनीतिक दलको सदस्य नभएको, सार्वजनिक पदको लागि अयोग्य नभएको र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त संस्थाको सञ्चालक पदमा नरहेको र यस परिषदसँग मेरो कुनै स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म उपाध्यक्षको पदमा मनोनयनको लागि सिफारिस भई मनोनीत भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद
२. मनोनीत हुन चाहेको पदः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष
३. दरखास्त पेश गर्ने व्यक्तिको:

(क) व्यक्तिगत विवरणः

नाम थर (देवनागरी):-..........................................................................................................

ENGLISH BLOCK LETTER ...............................................................................................

हाल कार्यरत संस्थाः...............................पद ...............................

नेपाली नागरिकताको प्रमाण पत्र नं.:..........................

जारी मितिः...............................जिल्लाः..................

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः ......................साल........................ महिना................ गते

सम्पर्क नम्बरः ...................इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | विद्यावारिधि | | | | |
| २ | स्नातकोत्तर | | | | |
| ३. | स्नातक | | | | |
| ४ | प्रविणता प्रमाणपत्र तह वा कक्षा बाह्र वा सो सरह | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | एसएलसी वा कक्षा दश वा सो सरह | | | | |

(ग) अनुभवः (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा पन्ध्र वर्षको अनुभवको विवरण)

| क. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) अनुभवः प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा व्यावस्थापकीय पदको अनुभव भए सोको विवरण।

| क. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |

<u>नोटः</u> व्यवस्थापकीय पद भएको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ।

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशनसम्बन्धी विवरणः प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका क्षेत्रसंगसम्बन्धित क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका जर्नलमा प्रकाशित लेख रचना वा अनुसन्धानात्मक लेख

| क. सं. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा रहेका जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशन | लेखको इन्टरनेट लिंक |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठि वा कार्यशालामा प्रस्तुत कार्यपत्र

| क सं | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठिको विवरण | कार्यपत्रको विषय | मिति | देश/स्थान | आफै उपस्थित भई प्रस्तुति गरेको विवरण |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | | | | |

**नोटः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठि वा कार्यशालामा प्रस्तुतीकरण गरेको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ ।

(छ) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण एक प्रति,

(४) स्नातकोत्तर तहको शैक्षिक उपाधि भएको हुनु पर्नेछ र सोभन्दा माथिको शैक्षिक उपाधि भएकाको हकमा सो उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि,

(५) विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षताको प्रमाणपत्र,

(६) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको क्षेत्रमा पन्ध्र वर्षको अनुभव भएको प्रमाणको प्रतिलिपि,

(७) व्यावस्थापकीय पदको अनुभव भए त्यस्तो क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(८) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) -**थान** - एक, पाँच हजार शब्दसम्मको।

(९) तत्काल कुनै राजनितिक दलको सदस्य नरहेको, सार्वजनिक पदको लागि अयोग्य नभएको र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(१०) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सम्बन्धन प्राप्त संस्थाको सञ्चालकमा नरहेको स्वघोषणा,

(११) आफू कुनै सरकारी वा सार्वजनिक निकायको कुनै पदमा नियुक्त वा मनोनित भई हाल बहाल भएको भए विभागीय स्वीकृति पत्र,

(१२) कार्यविधिको दफा ६, ७ र ९ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

<u>द्रष्टव्य</u> -

माथी खण्ड (छ) को क्रमसंख्या (८) बमोजिमको सोचपत्र पन्ध्र जनाभन्दा बढी उम्मेदवारको दरखास्त स्वीकृत भएमा संक्षिप्तसूची (Short List) मा नाम समावेश भएपछि र पन्ध्र जना वा सोभन्दा कम संख्यामा दरखास्त पेश हुन आएमा संक्षिप्तसूची (Short List) प्रकाशन नगरी दरखास्त स्वीकृत भएका सबै उम्मेदवारलाई मात्र प्रस्तुतीकरणमा सहभागी गराइनेछ।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः
नाम थरः
मितिः
सम्पर्क नम्बरः
ईमेल ठेगानाः

अनुसूची-२

(दफा ११ को उपदफा (३) र (४) सँग सम्बन्धित)

योग्यता, अनुभव, कार्य योजना सहितकोसोचपत्र प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक योग्यता स्नातकोत्तर र पिएचडी भए सो | पाँच | (क) स्नातकोत्तर तहको योग्यतामा प्रथम श्रेणी वा सो सरह भए तीन, द्वितीय श्रेणी वा सो सरह भए दुई र तृतीय श्रेणी वा सो सरह भए एक अङ्क,<br>(ख) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम तर्फको कुनै विधामा पिएचएडी भए दुई अङ्क। |
| (ख) प्राविधिक शिक्षा र व्यावसायिक तालिमको क्षेत्रमा कार्य अनुभव। | पन्ध्र | उपाध्यक्ष पदको लागि प्राविधिक शिक्षा र व्यावसायिक तालिमको क्षेत्रमा कार्य गरेको प्रत्येक वर्षको लागि एक अंकका दरले पन्ध्र वर्षको लागि पन्ध्र अङ्क।<br>द्रष्टव्य:<br>यस खण्ड बमोजिम अनुभवको अवधि गणना गर्दा पूरा पन्ध्र वर्ष भएको अवस्थामा मात्र गणना हुने गरी अङ्क कायम गरिनेछ। पन्ध्र वर्षभन्दा कम अनुभव भएको व्यक्ति नियमावलीको नियम ३ख. को उपनियम (१) को खण्ड (ख) बमोजिम योग्य हुने छैन। |
| (ग) कुनै सरकारी निकाय वा नेपाल सरकारद्वारा मान्यता प्राप्त कुनै विश्वविद्यालय वा परिषद् वा कुनै सार्वजनिक निकाय वा प्रचलित कानून बमोजिम स्थापित कुनै प्रतिष्ठान वा औद्योगिक क्षेत्रको व्यवस्थापकीय पदको कार्य अनुभव। | दुई | प्रति वर्ष सुन्य दशमलव पाँच अङ्कका दरले बढीमा चार वर्षको लागि अधिकतम दुई अङ्क।<br>द्रष्टव्य:<br>यस खण्ड बमोजिम अङ्क गणना गर्दा महिना सम्मको लागि महिना पूरा भएकोमा बाह्र महिना बराबर एक अङ्क कायम गरी दामासाहिले अङ्क कायम गरिने छ तर दिनको अङ्क कायम गरिने छैन। व्यवस्थापकीय पद भएको प्रमाण दरखास्तसाथ पेश गर्नु पर्नेछ। |

| | | |
|---|---|---|
| (घ) अनुसन्धानात्मक लेख प्रकाशन। | पन्ध्र | राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रकाशित जर्नलमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा अनुसन्धानमूलक लेख प्रकाशन गरे वापत अधिकतम पाँच वटा लेखको लागि प्रमुख अनुसन्धानकर्ता भए प्रति लेख तीन अङ्क र संयुक्त रुपमा अनुसन्धान गरिएको भई सह अनुसन्धानकर्ताको रुपमा जर्नल प्रकाशित गरिएको भए प्रति अनुसन्धानात्मक लेख वापत तीन अङ्कमा लेखक संख्याले भाग गरी हुन आउने दामासाही अङ्क।<br>द्रष्टव्य:<br>(१) प्रकाशित लेख प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम संग सम्बन्धित भएको र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको विकास वा जनशक्ति विकाससंग सम्बन्धित भएको हुनु पर्नेछ।<br>(२) जम्मा पाँच वटा अनुसन्धानात्मक लेखमध्ये कुनै लेख एकल र कुनै लेख संयुक्त रुपमा लेखिएको अवस्थामा एकल रुपमा लेखिएको लेखको संख्या पूरै र संयुक्त रुपमा लेखिएको लेख दुवै गरी पाँच वटा नपुगुन्जेल मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ।<br>(३) कुनै अनुसन्धानात्मक लेखका विषयमा कुनै निर्णय लिनु परेमा समितिले आवश्यक परामर्श गरी निर्णय गर्न सक्नेछ। |
| (ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय गोष्ठिमा अनुसन्धानमा आधारित कार्यपत्र प्रस्तुत वापत, | पाँच | राष्ट्रिय वा अन्तर्राष्ट्रिय गोष्ठि वा कार्यशालामा अनुसन्धानमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमसंग सम्बन्धित कुनै विषयमा कार्यपत्र प्रस्तुत गरेको भए प्रति अनुसन्धान कार्यपत्र प्रस्तुति वापत एक अङ्कका दरले अधिकतम् पाँच वटा गोष्ठि वा कार्यशाला वापत पाँच अङ्क।<br>द्रष्टव्य:<br>यसरी गोष्ठि वा कार्यशालामा प्रस्तुत गरेको अनुसन्धानमा आधारित कार्यपत्र कार्यशाला वा गोष्ठिमा आफै उपस्थित भई प्रस्तुत गरेको हुनु पर्नेछ। |
| (च) प्राविधिक शिक्षा र व्यावसायिक तालीम सम्बन्धी कार्य योजना सहितको सोचपत्र (Vision Paper with work plan) (पाँच हजार शब्दसम्म) को मूल्याङ्कन। | बीस | (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको भूमिका, प्रभावकारीता अभिवृद्धि र क्षमता विकास –चार अङ्क,<br>(२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको; सबल तथा दुर्बल पक्ष, अवसर, चुनौती र सुधारका उपाय -चार अङ्क, |

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल सरकार, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | (३) प्राविधिक शिक्षा तथा व्यावसायिक क्षेत्रको जनशक्ति छनौटमा तथा शिक्षालयको व्यवस्थापनमा अपनाउनु पर्ने सुधार र यसको सुदृढीकरण-चार अङ्क<br>(४) नेपालमा प्राविधिक जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भुमिका –चार अङ्क<br>(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आगामी रणनीति, ज्ञान हस्तान्तरण (नलेज ट्रान्फर) तथा व्यवस्थापन –चार अङ्क |
| (छ) प्राविधिक शिक्षा र व्यावसायिक तालीम सम्बन्धी कार्य योजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरण मूल्याङ्कन। पाँच हजार शब्दसम्म। | बीस | (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गुणस्तर अभिवृद्धि, प्रभावकारिता र क्षमता विकास –तीन अङ्क,<br>(२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को ;समस्या र सुधारका उपाय - तीन अङ्क,<br>(३) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको जनक्ति छनौटमा तथा शिक्षालयको व्यवस्थापनमा अपनाउनु पर्ने सुधार र यसको सुदृढीकरण-तीन अङ्क<br>(४) नेपालमा प्राविधिक जनशक्ति उत्पादनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भुमिका –तीन अङ्क<br>(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को को आगामी रणनीति तथा व्यवस्थापन –तीन अङ्क<br>(६) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सबल एवम् दुर्बल पक्ष तथा अवसर र चुनौतिसहितको विष्लेषण-पाँच<br>**द्रष्टव्यः**<br>प्रस्तुतीकरणको मूल्याङ्कन वापत सत्तरी प्रतिशत भन्दा बढी तथा चालीस प्रतिशतभन्दा घटी अङ्क बहुमत मूल्याङ्कनकर्ताले कारण खुलाई दिएको अवस्थामा मात्र त्यस्तो दिएको अङ्क कायम हुनेछ। सो नभै कुनै मूल्याङ्कनकर्ताले बढी वा घटी दिएकोमा बढी भए सत्तरी र कम भए चालीस प्रतिशतसम्ममात्र कायम हुनेछ। |
| (ज) अन्तर्वार्ता | अठार | अन्तर्वार्ता वापत अठार अङ्क हुनेछ।<br>**द्रष्टव्यः**<br>अन्तर्वार्ताको अङ्क मूल्याङ्कनमा सत्तरी प्रतिशत भन्दा बढी तथा चालीस प्रतिशतभन्दा घटी अङ्क बहुमत मूल्याङ्कनकर्ताले कारण खुलाई दिएको अवस्थामा मात्र त्यस्तो अङ्क कायम हुनेछ। सो नभै |

| | | |
|---|---|---|
| | | कुनै मूल्याङ्कनकर्ताले बढी वा घटी दिएकोमा बढी भए सत्तरी र चालीस भन्दा घटी भए  चालीस प्रतिशतसम्ममात्र कायम हुनेछ। |